नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

### APG को उच्चस्तरीय प्रतिनिधिमण्डल र मा. अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूबीच भेटवार्ता

नेपाल सदस्य रहेको Asia Pacific Group on Money Laundering (APG) का डेपुटी कार्यकारी सचिव Mr. David Shannon सहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले आज माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूसँग भेटघाट गऱ्यो।

नेपाल Financial Action Task Force (FATF) को Jurisdiction under Increased Monitoring (Grey List) मा परेकोमा हालसम्म भएका प्रगति, बाँकी कार्य, सोको शीघ्र सम्पादन र ग्रे लिष्टका कारणले हुने गम्भीर क्षतिका सम्बन्धमा जानकारी र सहयोग पुऱ्याउने उद्देश्यले तीन दिने नेपाल भ्रमणमा रहेको उक्त प्रतिनिधिमण्डलले भ्रमणको सिलसिलामा आफूले प्राप्त गरेको अवस्थाको जानकारी गराउँदै समयमै कार्य सम्पन्न गर्न आगामी दिनमा चाल्नु पर्ने रणनीतिक उपायका सम्बन्धमा सुझाव दियो।

यस अवसरमा मा. अर्थमन्त्रीज्यूले जेनजी आन्दोलन पछि नेपाली नागरिकको उच्चतम विश्वासका साथ ताजा जनादेशसहित गठन भएको वर्तमान सरकार मुलुकलाई ग्रे लिष्टबाट यथासक्य छिटो बाहिर निकाल्न जुनसुकै कदम चाल्न तत्पर रहेको र त्यस्ता कार्य प्रारम्भसमेत भइसकेको बताउनु भयो।

मिति २०८३ जेठ ५ गते मंगलबार

२०८३।२।५

अमृत लम्साल
सहसचिव एवम् प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np